(दफा ४ तथा अनुसुची १ को भाग १ संग सम्बन्धित)

# लालझाडी गाउँपालिका द्वारा प्रकाशित
## स्थानिय राजपत्र

खण्ड ५ संख्या २ मिति:२०७८/०३/२८

## गाउँ सभाबाट स्वीकृत मिति:- २०७८/०३/१२

## भाग:- १

## लालझाडी गाउँपालिकाको विनियोजन ऐन,२०७८

**प्रस्तावना:**

लालझाडी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२)बमोजिम लालझाडी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "लालझाडी गाउँपालिका विनियोजन ऐन,२०७८ रहेको छ

(२) यो ऐन २०७८ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१)आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिका, मातहतका निकायहरु,वडाकार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४७ करोड ५० लाख १ हजार ५ सय मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्नसकिनेछ।

३. **विनियोजन:** (१)यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त लालझाडी गाउँपालिकाको गाउँ कार्यपालिका, मातहतका निकायहरु,वडाकार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ।

(२) यस ऐनले विनीयोजन गरेको रकम खर्च गर्दा यसैसाथ संलग्न अनुसुची १ मा उल्लेख भए अनुसार गरिएको छ।

(३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउं कार्यपालिकाको कार्यालय,मातहतका निकायहरु वडा कार्यालय बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै बचत हुने र कुनै मा अपुग हुने देखिन आएमा गाउ कार्यपालिकाले बचत हुने शीर्षक बाट अपुग हुने शीर्षकमा रकम सार्न सक्ने प्रस्ताव गरिएको छ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत सम्म प्रमुख प्रशासकीय अधिकृतले सो भन्दा बढी १५ प्रतिशत सम्म गापा प्रमुखले र सो भन्दा बढी गाउँ कार्यपालिकाले २५ प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गरि रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न नसकिने प्रस्ताव गरिएको छ। तर चालु तर्फको पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतमा रकम सार्न सकिने व्यवस्था गरिएको छ।

सेन वडायक
अध्यक्ष

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकमा सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट रकम सार्न परेमा गाउंसभाबट स्वीकृति लिन पर्नेछ।

(५) यस दफाको अन्यत्र जुनसुकै व्यवस्था भएपनि चालु खर्चमा विनियोजित रकम खर्च नहुने भएमा पूँजीगत कार्यक्रम स्वीकृत गरी खर्च गर्न बाधा पर्ने छैन।

(६) विविध शिर्षकमा विनियोजन भएको रकम आवश्यक शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

४. **वित्तीय अनुशासन:** (१)गाउँपालिकाले आफुले उठाएको राजस्व र यस ऐन वमोजिम प्राप्त गरेको अनुदान कानुन बनाई खर्च गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम कानून बनाउंदा देहायका कुराहरु पालना हुने गरी बनाउनु पर्दछ।

(क) नेपाल सरकार र प्रदेश सरकारको आर्थीक तथा वित्तीय नीति अनुशरण गर्ने ।

(ख) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्नेछ।

(ग) पुंजिगत खर्चको रुपमा विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न पाईने छैन।

(घ) आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकाले निर्धारण गरे वमोजिम राख्नु पर्ने।

५. **थप अनुदान प्राप्त भएमा:** यस विधेयकमा प्रस्ताव गरिए बाहेक नेपाल सरकार प्रदेश सरकार दातृ निकाय जनसहभागिता वा कुनै पनि स्रोतबाट थप कार्यक्रम संचालन गर्ने गरी संचित कोषमा रकम प्राप्त हुन आएमा सो रकम समेत यसै ऐन बाट विनियोजन भएको मानी संचित कोषमा जम्मा गरि संचित कोष बाट खर्च गर्न बाधा पर्ने छैन।

६. **अख्तियारी तथा कार्यक्रम स्वीकृत सम्बन्धि व्यवस्था:** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजित भएको रकम प्रचलित कानुनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) चालुखर्च तर्फको सम्बन्धित स्वीकृत बार्षिक बजेटको तोकिएको खर्च शीर्षकमा विनियोजित रकमा बढी नहुने गरि कतै दर तोकिएको भए सो दर अनुसार र नतोकिएको भए बजेटको सीमाको ख्याल गरि दर स्वीकृत गरि खर्च लेख्ने अधिकार लालझाडी गाउँकार्यपालिका वा लालझाडी गाउँकार्यपालिकाको कार्यालयको अधिकार प्राप्त अधिकारी तथा लेखा उत्तरदायी अधिकारीलाई प्रत्यायोजन गरिएको छ।

(३) उपदफा (१) वमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले विनियोजन भएको रकम निकासा दिनेछ।

(४) स्थानिय सन्चित कोष व्यवस्थापन प्रणाली (सुत्रमा) भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायको सहमतिमा गर्नु पर्नेछ।

७. **खर्च अनुमोदन तथा संशोधन:** (१) आ.व.२०७८/०७९ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा क्षेत्रगत मात्र विनियोजन भई योजना गतक्रमागत/ विभाजन हुन बाँकी रहेका बजेट तथा कार्यक्रमहरुको कार्यान्व्यन गर्न गा.पा. प्रमुखको निर्णय तथा कार्यपालिकाको कार्यालय लेखा उत्तरदायी अधिकारीबाट गरिएका विनियोजनहरुमा समेत यसै ऐन बमोजिम भएको मानिनेछ।

(२) आ.व.०७८/०७९ स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियनका सन्दर्भमा कुल विनियोजनमा फरक नपर्ने गरि शीर्षकगत विनियोजित रकममा फरक हुन गएका शिर्षक र मिलान गरिने शिर्षकको विवरण सहित तयार गरिएको संशोधन अनुसूची (२) मा संलग्न राखी स्वीकृति गरिएको छ।

८. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने**

(२) यस ऐनको कार्यान्वयन गर्न गाउँपालिकाले सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका कार्यापालिका बाट स्वीकृत गरि लागु गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम बनाएको कार्यविधि र मापदण्ड राजपत्रमा प्रकाशित गरिनेछ।

९. **आदेश जारी गर्न सक्ने:** (१)स ऐनको कार्यान्वयनकमा कुनै बाधा उत्पन्न भएमा गाउंकार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिमको आदेश राजपत्रमा प्रकाशित गरिनेछ।

नहन शैन वडायक
अध्यक्ष

## अनुसुची १-

### दफा ३ को उपदफा (२) अनुसार विनियोजित रकम

| सि.न. | बजेट स्रोत शिर्षक | कुल बजेट रकम | चालु | पुँजीगत | बितिय ब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | आ.ब.२०७८।०७९ को अल्या | २०००००००० | १५०००००० | ५०००००० | | २०००००००० |
| २ | आन्तरिक स्रोत | १०१७५५०० | १०१७५५०० | ० | ० | १०१७५५००.०० |
| ३ | वित्तीय समानिकरण अनुदान संघ | ९९१००००० | ० | ९९१००००० | ० | ९९१००००० |
| ४ | राजस्व बाँडफाँड संघ | ७३३४५००० | ६९२२०००० | ४१२५००० | | ७३३४५००० |
| ५ | वित्तीय समानिकरण अनुदान प्रदेश | ६८२९००० | ० | ६८२९००० | ० | ६८२९००० |
| ६ | राजस्व बाँडफाँड प्रदेश | १६५२००० | १०००००० | ६५२००० | ० | १६५२००० |
| | जम्मा | २१११०१५०० | ९५३९५५०० | ११५७०६००० | ० | २१११०१५०० |
| | संघिय सरकार र प्रदेश सरकार समपुरक र बिशेष अनुदान | | | | | |
| ७ | बिशेष अनुदान संघ | २०८००००० | ० | २०८००००० | ० | २०८००००० |
| ८ | समपुरक अनुदान संघ | १३७००००० | ० | १३७००००० | ० | १३७००००० |
| ९ | बिशेष अनुदान प्रदेश | ५०००००० | ० | ५०००००० | ० | ५०००००० |
| १० | समपुरक अनुदान प्रदेश | ३०००००००० | ० | ३०००००००० | ० | ३०००००००० |
| | जम्मा | ६९५००००० | ० | ६९५००००० | ० | ६९५००००० |
| | सर्शत अनुदान संघ (बिषयगत शाखा) | | | | | |
| ११ | सर्शत अनुदान संघ | १४३७००००० | ११८०००००० | २५७००००० | ० | १४३७००००० |
| १२ | प्रदेश शसर्त | १०००००००० | १०००००००० | | | १०००००००० |
| १३ | सामाजिक सुरक्षा | ३७५००००० | ३७५००००० | | | ३७५००००० |
| १४ | अन्य कार्यक्रम अनुदान | ३२००००० | ३२००००० | | | ३२००००० |
| | कुल जम्मा | ४७५००१५०० | २६४०९५५०० | २१०९०६००० | | ४७५००१५०० |

**निर्णय नं.२** आ.ब.२०७८/०७९ का लागि बार्षिक बजेट नीति तथा कार्यक्रमको तयारीको सन्दर्भमा वस्ती भेला र वडा भेला गरी वडास्तरबाट प्राथमिकता निर्धारण भै आएका आयोजनाहरु माथी मिति२०७८/०३/०७ गतेका दिन बसेको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा दफावार छलफल भै बैठक बाट प्राप्त सुझाव सल्लाह बमोजिम स्थानिय निकाय संचालन ऐन २०७४, स्थानिय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७५ सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट प्राप्त मार्गदर्शन तथा बजेट सिलिङले निर्दिष्ट गरे बमोजिमको ढाँचामा तयार पारी मिति २०७८/०३/१० गते बसेको गाउँपालिका कार्य समिति बैठक मार्फत पेश हुन आएको गत आ.ब.०७७/०७८ को यथार्थ आय विवरण आ.ब .०७७

अध्यक्ष

को संशोधित आय व्यय विवरण र आगामी आ.ब.०७८/०७९ को निम्नानुसारको अनुमानित बार्षिक बजेट पारित गर्ने निर्णय गरियो।

## अनुसुची-१
## लालझाडी गाउँपालिकाको आयको प्रक्षेपण

| आम्दानी विवरण | | आ.व. २०७६/०७७ को यथार्थ आय | आ.व. २०७७/०७८ को वैशाख मसान्त सम्मको यथार्थ आय | आ.व. २०७७/०७८ को संशोधित आय | आ.व. २०७८/०७९को अनुमानित आय | कैफियत |
|---|---|---|---|---|---|---|
| संकेत नं. | शिर्षक | | | | | |
| | गत आ.व. को मौज्दात | ४०२७३३६२.९६ | ५७५४४६७३.२१ | | २००००००.०० | |
| | आन्तरिक आय | | | | | |
| ११३१३ | एकिकृत सम्पति कर | १३६७१६९.०० | १०५३७५.९८ | १५५००००.०० | १५७५०००.०० | |
| ११३१४ | मालपोत/ भुमिकर | २०२१४४.०० | ५९५४९९.०० | ७५००००.०० | २५००००.०० | |
| ११३२१ | घर कर/घरबहाल कर | ०.०० | १६९८५.०० | ७५०००.०० | ८२५००.०० | |
| ११३२२ | बहाल बिटौरी कर | ०.०० | ०.०० | १५०००.०० | १००००.०० | |
| ११४५१ | सवारी कर (साना सवारी कर) | २७५६६३.१४ | ०.०० | २००००.०० | २२०००.०० | |
| ११४७२ | विज्ञापन कर | | ०.०० | २००००.०० | १००००.०० | |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन तथा नविकरण दस्तुर | १८६५४२४.४० | ५३४५२३.०० | ७५००००.०० | ८०००००.०० | |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त आय | १०१५०९०.०० | ४८३३५०.०० | ५०००००.०० | ५०००००.०० | |
| १४२४२ | नक्सापास दस्तुर | | ०.०० | २००००.०० | २२०००.०० | |
| १४२४३ | सिफारिस दस्तुर | ९०९४१९.९९ | ६९२०८५.०० | १२२५०००.०० | १२५००००.०० | |
| १४२४४ | व्यक्तिगत घटना दस्तुर | | ८७२५०.०० | १२००००.०० | १३२०००.०० | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ९५००.०० | १९६००.०० | १०००००.०० | ११००००.०० | |
| १४२४९ | अन्य दस्तुर | ६२१३१५.०० | ८६३९१६.७५ | ३५००००.०० | ९७५०००.०० | |
| १४३१२ | प्रशासनिक दण्ड तथा जरिवाना | ०.०० | २५००००.०० | २५००००.०० | १०००००.०० | |
| १५११ १ | बेरुजु असुली | ०.०० | ०.०० | | ०.०० | |
| १६६९१ | अन्य कर | ५८३४९२.०० | ४४६४०.०० | १०००००.०० | ११००००.०० | |
| | प्राकृतिक श्रोत विक्रि बाट प्राप्त आय | ३३७५०००.०० | २०५००००.०० | ४१५००००.०० | ४१५००००.०० | |

मेदेन्द्र सेन वडायक
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सडक सेवा शुल्क | ०.०० | ०.०० | ५५०००.०० | ५५०००.०० | |
| | कवाडी कर | ०.०० | ०.०० | १२०००.०० | १२०००.०० | |
| | पशु हाट बजार सञ्चालन | ०.०० | ०.०० | ०.०० | १००००.०० | |
| जम्मा | | १०२२४२१७.५३ | ५७४३२२४.७३ | १०६६२०००.०० | १०१७५५००.०० | |
| अन्तर सरकारी वितिय हस्तान्तरण | | | | | | |
| संघिय सरकार बाट प्राप्त अनुदान | | | | | | |
| | वितिय समानिकरण | ९०६०००००.०० | ६९५२५०००.०० | ९२७०००००.०० | ९९१०००००.०० | |
| | राजश्व बाडफांढ | ४९८४३३४४.५१ | ५५५८७५१०.८६ | ७२८३२०८२.०० | ७३३४५०००.०० | |
| | शसर्त अनुदान | ८२३१०६७४.२६ | ११२५६४१९६.०० | १४७७६७८१०.०० | १४३७०००००.०० | |
| | समपुरक अनुदान | ३४२६६३०.०० | ०.०० | ०.०० | १३७०००००.०० | |
| | विशेष अनुदान | ०.०० | ०.०० | ०.०० | २०८०००००.०० | |
| जम्मा | | २२६१८०६४८.७७ | २३७६७६७०६.८६ | ३१३२९९८९२.०० | ३५०६४५०००.०० | |
| प्रदेश सरकार बाट प्राप्त अनुदान | | | | | | |
| | वितिय समानिकरण | ६८२८०००.०० | ५१९६०००.०० | ६९२८०००.०० | ६८२९०००.०० | |
| | राजश्व बाडफांढ | ११४३४८३.४३ | १४२३८७९.७० | १५९२०००.०० | १६५२०००.०० | |
| | शसर्त अनुदान | ७०१९०००.०० | ६७२००००.०० | १००८००००.०० | १००००००००.०० | |
| | समपुरक अनुदान | ५६०७०००.०० | ७७१३०००.०० | १३३४५०००.०० | ३००००००००.०० | |
| | विशेष अनुदान | १७९४१९७.०० | २४९२०००.०० | ४९०००००.०० | ५००००००.०० | |
| जम्मा | | २२३९१६८०.४३ | २३५४४८७९.७० | ३६८४५०००.०० | ५३४८१०००.०० | |
| | सामाजिक सुरक्षा भत्ता | | | ३५००००००.०० | ३७५०००००.०० | |
| | PLGSP कार्यक्रम | | ३६००००.०० | ५०००००.०० | ५०००००.०० | |
| | NNSWA कार्यक्रम | | ७०००००.०० | ७०००००.०० | ७०००००.०० | |
| | गरिब संग विशेश्वर कार्यक्रम | | ०.०० | ५०००००.०० | ५०००००.०० | |
| | सडकबोर्ड अनुदान कार्यक्रम | | ९६८८७१.०० | ९६८८७१.०० | १००००००.०० | |
| | जिल्ला समन्वय समिति अनुदान | | २२५००००.०० | २२५००००.०० | ०.०० | |
| | प्रकोप ब्यबस्थापन कोष | ०.०० | २३३३३६७.३२ | २३३३३६७.३२ | ५०००००.०० | |
| | जम्मा | ०.०० | ६६१२२३८.३२ | ४२२५२२३८.३२ | ४०७०००००.०० | |
| | कुल जम्मा | २९९०६९९०९.६९ | ३३११२१७२२.८२ | ४०३०५९१३०.३२ | ४७५००१५००.०० | |

मदन सेन वडायक
अध्यक्ष